प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१, बिराटनगर

पत्र संख्या :-०७७/०७८
च.नं. :- ६९१

मिति :-२०७८/०३/२५

**विषयः आ.व. २०७८/७९ को अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्वन्धी व्यवस्था र मार्गदर्शन सम्वन्धमा।**

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू
सबै स्थानीय तह
प्रदेश नं.१

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७८/७९ को बजेट, विनियोजन विधेयक र आर्थिक विधेयक प्रचलित कानूनी व्यवस्था अनुरुप २०७८ असार १ गते प्रदेश सभामा पेश भइसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ। उक्त विधेयक र प्रचलित कानूनमा व्यवस्था भए अनुरुप अनुदान दाखिला, योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वियन गर्नुपर्ने हुँदा ती प्रावधानहरु सहितको मार्गदर्शन मिति २०७८/०३/२४ को (सचिवस्तर) को निर्णयानुसार यहाँहरुको जानकारीको लागि पठाइएको छ। प्रदेश विनियोजन विधेयकका प्रावधानहरु, "प्रदेश वित्त व्यवस्थापन ऐन,२०७५" र "प्रदेश समपूरक अनुदान सम्वन्धि कार्यविधी, २०७५" मा भएका व्यवस्था सहितको मार्गदर्शनबाट वित्तीय हस्तान्तरण र योजना वा कार्यक्रम कार्यान्वयनमा सहजता आउने विश्वास छ। साथै आफ्नो स्थानीय तहमा स्वीकृत समपूरक अनुदानका आयोजना/कार्यक्रमहरु, विषयगत मन्त्रालयबाट स्वीकृत सशर्त अनुदान तर्फका कार्यक्रम/आयोजनाहरु र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरिएको विवरण तहाँ स्थानीय तहलाई उपलब्ध गराइएको PLMBIS User बाट हेर्न सकिनेछ। साथै बजेट सँग सम्बन्धित अन्य सम्पूर्ण प्रकाशनहरु यस मन्त्रालयको वेभसाइट moeap.p1.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धीः

(१) वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको असोज २ गते, मंसिर २ गते, फाल्गुन २ गते र ज्येष्ठ २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(२) मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजश्व संकलन हुन नसकेमा र प्रदेश सरकारले संघबाट पाउनु पर्ने समानीकरण अनुदान प्राप्त गर्न नसकेमा बुँदा नं. १ बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम प्रदेश सरकारको राजस्व एवम् अनुदान प्राप्तिको अनुपात अनुसार

पुन:निर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नेछ।

(३) वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा इकाई कार्यालयमा प्रत्येक आर्थिक वर्षको मंसिर १ गते, फागुन १ गते, जेष्ठ १ गते र वार्षिक आर्थिक विवरण अगामी आर्थिक वर्षको श्रावण मसान्त भित्र तथा बुँदा नं. २ बमोजिम प्रदेश सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ।

(४) बुँदा नं. ३ बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा हस्तान्तरण गरिने छैन ।

(५) सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भदौ २५ गते हस्तान्तरण गर्नेछ ।खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा क्रमशः पौष २५ र बैशाख २५ मा दोश्रो र तेश्रो किस्ता हस्तान्तरण गर्नेछ।

(६) स्थानीय तहले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको अनुमान सहितको कार्ययोजना ,मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँसभा र नगरसभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ ।

(७) बुँदा नं. ६ बमोजिमको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण स्थानीय तहले पौष १५ गते, वैशाख १५ गते, र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तसभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनु पर्नेछ।

(८) बुँदा नं. ७ बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बुँदा नं. ५ बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको शसर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनुपर्नेछ ।

(९) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नुपर्नेछ ।

(१०) समपूरक अनुदानको रकमको एक तिहाइले हुन आउने रकम पहिलो किस्ता बापत प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्वन्धित स्थानीय सञ्चित कोषमा आर्थिक बर्षको भदौ २५ गते दाखिला गर्नेछ।

(११) समपूरक अनुदान बापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्नेछ।

(१२) समपूरक अनुदानको हकमा सम्वन्धित स्थानीय तहले अनिवार्य रुपमा कुल लागतको न्यूनतम ३० प्रतिशत खर्च व्यहोर्ने सुनिश्चित गरेर मात्र खरिद प्रक्रिया अगाडी बढाउनुपर्नेछ।

(१३) समपूरक अनुदानका आयोजनाहरु वहुवर्षिय खरिद प्रकृयामा जानुपर्ने भएमा स्थानीय सञ्चित कोषबाट मात्र खर्च व्यवस्थापन गर्नुपर्नेछ।

(१४) कार्यान्वयन गरिने आयोजनाहरु "प्रदेश समपूरक अनुदान सम्वन्धि कार्यविधि, २०७५" को दफा ९ को उपदफा १(घ) बमोजिम उपभोक्ता समिति मार्फत खर्च गरी सञ्चालन गर्न पाइनेछैन।

(१५) समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रममा खर्च भएको रकमको विवरण स्थानीय तहले पौष महिनाको १५ गते, बैशाख महिनाको १५ गते र बार्षिक आर्थिक विवरण आगामी आर्थिक बर्षको श्रावण मसान्तसम्ममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा इकाई कार्यालयमा बुझाउनुपर्नेछ।

(१६) बुँदा नं. १५ बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बुँदा नं. १० बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको समपूरक अनुदानको पहिलो किस्ता बाहेक बाँकी रकम चौमासिक रुपमा पुष २५ गते र बैशाख २५ गते सम्वन्धित स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ। तर बुँदा नं. १५ बमोजिमको खर्चको विवरण प्राप्त नभएसम्म बाँकी किस्ता सम्वन्धित स्थानीय सञ्चित कोषमा दाखिल गरिने छैन।

(१७) सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत भएको रकम सम्वन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(१८) बुँदा नं. १७ बमोजिम अनुदानको रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्न सक्नेछ।

(१९) प्रदेश सरकारबाट स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदान मार्फत स्थानीय तहमा सञ्चालन हुने आयोजना वा कार्यक्रमको एकपटक ठेक्का बन्दोवस्त भइसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन पाइने

छैन। यसरी बचत हुने रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिल गर्नुपर्नेछ।

(२०) राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम विभाज्य कोषमार्फत प्रचलित कानून अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नेछ।

(२१) वित्तीय हस्तान्तरणको उपयोग नेपालको संविधान, दिगो विकास लक्ष्य, पन्ध्रौं योजना र प्रदेशको प्रथम आवधिक योजनाले निर्दिष्ट गरेका क्षेत्र र मार्गदर्शन बमोजिम गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः

(२२) प्रदेश सरकारको विषयगत मन्त्रालयमा स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित मन्त्रालयले निर्णय गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा अनुदानको रूपमा वित्त हस्तान्तरण गर्न सकिनेछ ।

(२३) स्थानीय तहको योजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रदेश निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको विविध खातामा जम्मा हुने गरी निकासा दिन सकिनेछ ।

(२४) बुँदा नं. २२ र २३ बमोजिम निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ ।

लेखाङ्कन, प्रतिवेदन र लेखा परीक्षणः

(२५) एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाइको रूपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनुपर्नेछ ।

(२६) बुँदा नं. २५ बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई शुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः

(२७) स्थानीय तहले आफुले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ ।

(२८) बुँदा नं. २७ बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुनेगरी बनाउनु पर्नेछः-

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१, बिराटनगर

- नेपाल सरकार र प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्ने,
- सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,
- अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,
- पूँजीगत खर्चतर्फ बिनियोजित रकम चालु खर्चमा रकमान्तर नगरिने,
- "प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४" र अन्य प्रचलित संघीय तथा प्रदेश कानूनले निर्दिष्ट गरेबमोजिमको आय व्ययको वर्गीकरण, लेखांकन तथा प्रतिवेदन प्रणाली लागु गर्ने ।

पुण्यप्रसाद रिजाल

उप-सचिव

बोधार्थः

श्री महालेखा परिक्षकको कार्यालय,बबरमहल, काठमाण्डौ।

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, काठमाण्डौ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,प्रदेश नं. १,विराटनगर।

श्री प्रदेश योजना आयोग, प्रदेश नं. १,विराटनगर।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १,विराटनगर।